नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं ४११

मिति:२०८३/०१/१७

ने.सं. ११४६

श्री गाउँपालिका सबै,

श्री नगरपालिका सबै ।

विषय: विदेशमा पेश गर्ने प्रयोजनको लागि स्थानीय तहबाट जारी हुने सिफारिसपत्र तथा कागजात सम्वन्धमा ।

प्रस्तुत विषयमा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ बमोजिम व्यक्तिगत घटना दर्ता प्रमाणपत्रहरु लगायत विदेशमा पेस गर्ने प्रयोजनका लागि आवश्यक पर्ने अन्य कागजात तथा सिफारिस पत्रहरु स्थानीय तहबाट जारी भईरहेको सन्दर्भमा उक्त कागजातहरुको भाषा र ढाँचामा एकरुपता कायम गर्नुका साथै विषयवस्तुमा स्तरीयता सुनिश्चित गरी विदेशमा पेस गरिने कागजातहरुको आधिकारिकता विश्वसनीयता र कानूनी मान्यता अभिवृद्धि गर्ने उद्देश्यले अंग्रेजी भाषामा तयार गरिएका नमूना कागजातहरु यस अघिनै मन्त्रालयको मिति २०८२/७/१३,२०८२/१०/२९र मिति:२०८२/१२/२५को पत्रसाथ संलग्न गरी पठाईएको छ ।यसरी पटक पटक पत्राचार गर्दा पनि केही स्थानीय तहबाट तयार गरिएका कागजात/सिफारिस तयार गर्दा आधिकारिक नमूनाको प्रयोग नगरिएको भाषागत तथा विषयगत स्पष्टताको अभाव रहेको कागजातमा उल्लिखित विवरणमा शुद्धता र सत्यता सम्वन्धमा प्रश्न उठने गरेकोले स्थानीय तहबाट कागजात/सिफारिस पत्र जारी गर्दा यसैसाथ उपलव्ध गराईएको नमूना बमोजिम तयार गरी त्यसमा समावेश गरिने विवरणहरुको सत्यता तथा आधिकारिकता पूर्णरुपमा सुनिश्चित गरी जारी हुने व्यवस्था हुन आदेशानुसार अनुरोध छ ।

२०८३/१/१८

प्रकाश पन्थी

शाखा अधिकृत

**बोधार्थ**

श्री परराष्ट्र मन्त्रालय सिंहदरवार काठमाडौं

श्री सूचना प्रविधि शाखाः वेवसाईटमा अपलोड गरी सवै स्थानीय तहको पोर्टलमा पठाउनुहुन।

सिंहदरबार, काठमाण्डौं फोन नं.- ४२००३०४

ईमेल:- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

वेवसाईट:- www.mofaga.gov.np

नेपाल सरकार
**परराष्ट्र मन्त्रालय**
काठमाण्डौ नेपाल

**सचिव**
च.नं.८३४९

नेपाल सरकार
परराष्ट्र मन्त्रालय
काठमाडौं

मितिः २०८२।१२।२२

प्रिय सहकारीज्यू,

**विषयः विदेशमा पेश गर्ने प्रयोजनको लागि स्थानीय तहबाट जारी हुने सिफारिस पत्र तथा कागजात सम्बन्धमा।**

स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम व्यक्तिगत घटना दर्ता प्रमाणपत्रहरु लगायत विदेशमा पेश गर्ने प्रयोजनका लागि आवश्यक पर्ने अन्य कागजात तथा सिफारिस पत्रहरु स्थानीय तहबाट जारी भईरहेका छन्। त्यसरी स्थानीय तहबाट जारी हुने कागजातहरुको भाषा (Language), ढाँचा (Format) मा एकरुपता कायम गर्नुका साथै विषयवस्तुमा स्तरीयता सुनिश्चित गरी विदेशमा पेश गरिने उक्त कागजातहरुको आधिकारिकता (Authenticity), विश्वसनीयता (Credibility) र कानूनी मान्यता (Legal Recognition) अभिवृद्धि गर्ने उद्देश्यले अङ्ग्रेजी भाषामा तयार गरिएका नमुना कागजातहरु त्यहाँ प्राप्त भएकै छन्।

तथापि, केही स्थानीय तहहरुबाट अझै पनि आफ्नै ढाँचाका कागजात जारी हुने गरेको, कागजातहरु प्रदान गर्ने प्रक्रिया पूर्ण रुपमा नपुगेको, भाषागत तथा विषयगत स्पष्टताको अभाव रहेको तथा कागजातमा उल्लेखित विवरणको शुद्धता र सत्यतासम्बन्धी प्रश्न उठ्ने गरेका छन् । यस परिप्रेक्ष्यमा स्थानीय तहबाट जारी भई विशेषतः नेपाली नागरिकले विभिन्न मित्रराष्ट्रका राजदूतावास तथा नियोगहरूमा पेश गरेका कागजातहरुको आधिकारिकता/सत्यताका सम्बन्धमा उक्त राजदूतावास तथा नियोगहरूबाट पटक-पटक सौधखोज हुने गरेको अवस्था छ।

कतिपय अवस्थामा कागजातमा प्रयोग भएका स्थानीय तहका लेटरहेड, हस्ताक्षर, छाप तथा ढाँचा सही/आधिकारिक देखिए तापनि विवरण भने गलत हुने गरेको पाइएकोले, त्यस्ता जारी भएका कागजातहरुको विवरणको सत्यता/आधिकारिकता यकिन गर्ने उपयुक्त प्रबन्धको अभावमा त्यसको आधिकारिकता बुझ्ने प्रणाली समेत नभएको गुनासो विदेशी नियोगहरुबाट प्राप्त भइरहेको छ। यसले गर्दा समग्रमा नेपालबाट जारी हुने कागजात/सिफारिस पत्रहरुको आधिकारिता माथि प्रश्न उठ्नुका साथै तथा कागजात जारी गर्ने स्थानीय तहहरु तथा मुलुककै विश्वसनीयता, सम्मान र प्रतिष्ठामा समेत नकारात्मक असर पर्ने अवस्था सिर्जना भएको छ।

उपरोक्त सन्दर्भमा, स्थानीय तहबाट कागजात/सिफारिस पत्र जारी गर्दा उपलब्ध गराइएका नमुनाबमोजिम तयार गरी समावेश गरिने विवरणहरुको सत्यता तथा आधिकारिकता पूर्णरुपमा सुनिश्चित गरी मात्र जारी गर्ने व्यवस्था हुन अनुरोध छ। साथै, व्यक्तिगत सम्बन्ध, अनुरोध वा कुनै प्रकारको दबाब वा प्रभावको आधारमा गलत विवरण समावेश गरी कागजात जारी गर्नु गैरकानूनी हुने भएकाले यस्ता अवस्थाबाट टाढा रही निष्पक्ष र

**सचिव**

नेपाल सरकार
परराष्ट्र मन्त्रालय
काठमाण्डौ नेपाल

सचिव

नेपाल सरकार
परराष्ट्र मन्त्रालय
काठमाडौं

कानूनसम्मत रुपमा मात्र कागजात जारी गर्ने तथा जारी भएका कागजातको रुजु प्रमाणित गर्ने व्यवस्था हुन अनुरोध छ। साथै, प्रचलित कानूनले अन्य निकायलाई तोकेको विषयमा सिफारिस गर्ने कार्य नगरी स्थानीय तहको अधिकारक्षेत्रभित्र पर्ने कागजातहरु मात्र जारी गर्ने व्यवस्था हुन पनि अनुरोध छ ।

गलत विवरणका आधारमा तयार गरिएका कागजात प्रयोगबाट सम्बन्धित व्यक्तिले विदेश यात्रा, भिसा प्राप्ति तथा विदेशमा उपलब्ध हुने सेवा-सुविधा प्राप्तिमा कठिनाई भोग्नुपर्ने हुन्छ। साथै, दीर्घकालीन रुपमा नेपालबाट जारी हुने कागजातप्रतिको विश्वसनियतामा समेत कमी आई सम्पूर्ण नेपाली नागरिकहरुको विदेशी भिसा तथा सेवा-सुविधा प्राप्तिमा प्रतिकूल प्रभाव पार्न सक्ने भएकाले यसतर्फ गम्भीर हुन आवश्यक रहेको परिप्रेक्ष्यमा, गलत विवरणका आधारमा कागजात बनाउन माग गर्ने वा नक्कली कागजात बनाउने कार्यमा संलग्न हुने व्यक्तिहरुलाई प्रचलित कानूनबमोजिम आवश्यक कारवाही गर्ने व्यवस्था गर्न समेत अनुरोध छ ।

अतः गलत विवरण प्रस्तुत गरी आफु अनुकूलका कागजात माग गर्ने प्रवृत्तिलाई पूर्ण रुपमा निरुत्साहित गर्दै नेपाली कागजातहरुको आधिकारिकता, विश्वसनियता तथा कानूनी मान्यता कायम गर्नु सम्बन्धित सबै निकायहरुको साझा दायित्व भएको हुँदा यस तथ्यलाई मनन गरी स्थानीय निकायबाट सोही अनुरुप कागजात जारी हुने व्यवस्था हुन सादर अनुरोध छ।

(अमृत बहादुर राई)
सचिव

श्री चन्द्रकला पौडेल
सचिव
संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार ।